बर्दिवास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिवास, महोत्तरी
मधेश प्रदेश, नेपाल
२०७३

धर्मानन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत

# बर्दिवास नगरपालिका

## बर्दिवास नगर खेलकुद विकास संचालन कार्यबिधि,२०८१

स्वीकृत मितिः२०८१।०१।१६

# बर्दिवास नगर खेलकुद विकास संचालन कार्यबिधि,२०८१

## बर्दिवास नगरपालिका नगर कार्यपालिकाद्वारा

स्वीकृत मितिः२०८१।०१।१६

प्रस्तावना :–मधेश प्रदेश महोत्तरी जिल्लाको उत्तरी भागमा रहेको बर्दिवास नगरपालिकामा शैक्षिक क्षेत्र भित्र वा वाहिर खेलकुदको माध्यमबाट समाजमा अनुशासन र सामाजिक सद्भाव कायम राखी युवाहरुलाई धुम्रपान, मध्यपान, लागु पदार्थ दुर्व्यसनको कुलतबाट जोगाई शारीरिक तथा मानसिक विकास गरी सक्षम अनुशासित र सुसंस्कृत समाज निर्माण गर्न बर्दिवास नगरपालिका क्षेत्र भित्र खेलकुद र योग अभ्यास भावना जागृत गराई परिश्रम र परिवर्तन प्रति सचेत स्वस्थ नागरिक बनाउन विभिन्न तालिम तथा खेलकुद प्रतियोगिताहरु सञ्चालन गरी सबै किसिमको खेलकुद आयोजना गर्न तथा स्थानीय, प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा हुने खेलकुद प्रतियोगितामा प्रतिस्पर्धा गराउन खेलकुद संग सम्बन्धित संघ, संस्थाहरुलाई प्रोत्साहन एवं नियमनका लागि कानुनी व्यवस्था गर्न आवश्यक देखिएकोले बर्दिवास नगरपालिकाको नगर कार्यपालिका द्वारा नेपालको संविधानको अनुसुची ९(२), स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा ४ को (क) बमोजिम “नगर खेलकुद विकास समिति सञ्चालन कार्यविधि २०८१ ” निर्माण गरिएको छ।

## परिच्छेद –१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :–

(क) यो कार्यविधिको नाम “बर्दिवास नगरपालिका नगर खेलकुद विकास समिति सञ्चालन कार्यविधि २०८१ ” रहेको छ।

(ख) यो कार्यविधि नगर कार्यपालिकाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुनेछ।

(ग) यो कार्यविधि शैक्षिक संस्थाहरु, क्लबहरु, खेलकुदको क्षेत्रमा काम गर्ने विभिन्न संस्थाहरु, प्रशिक्षण केन्द्रहरु, योग केन्द्रमा समेत लागु हुनेछ।

## परिच्छेद –२
## परिभाषा

२. परिभाषा : विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :–

(क) “नगरपालिका ” भन्नाले बर्दिवास नगरपालिका जनाउँछ।

(ख) “कार्यविधि ” भन्नाले बर्दिवास नगरपालिका “नगर खेलकुद विकास समिति कार्यविधि २०८१ ” सम्झनुपर्छ।

(ग) “नगर खेलकुद विकास समिति ” भन्नाले यस कार्यविधिको दफा ३ बमोजिम गठन भएको खेलकुद विकास समिति सम्झनुपर्छ।

(घ) “संयोजक ” भन्नाले नगर खेलकुद विकास समितिको संयोजकलाई सम्झनुपर्छ ।

(ङ) “ सदस्य” भन्नाले नगर खेलकुद विकास समितिका सदस्य सम्झनुपर्छ।

(च) “सदस्य–सचिव ” भन्नाले नगर खेलकुद विकास समितिको सदस्य –सचिव सम्झनुपर्छ।

(छ) “प्रमुख” भन्नाले बर्दिवास नगरपालिकाको नगर प्रमुख सम्झनुपर्छ।

(ज)“ उप प्रमुख” भन्नाले बर्दिवास नगरपालिकाको नगर उप प्रमुख सम्झनुपर्छ।

(झ) “प्रमुख प्रशासकीय अधिकृत ” भन्नाले बर्दिवास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

(ञ) “खेलकुद सम्बन्धी संस्था ” भन्नाले दफा १२ र १३ बमोजिम दर्ता भएका संस्था सम्झनुपर्छ।

(ट)“ तोकिएको वा तोकिए बमोजिम ” भन्नाले यस कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(ठ) “खेलकुद ” भन्नाले बर्दिवास नगरपालिका आयोजना वा स्वीकृती वा सहमती लिई खेलाईने खेलकुद



०८१।१।१६

धर्मजिन्द्र जोशी
प्रमुख प्रशासकीय अधिकृत

समेतलाई सम्झनुपर्छ ।

(ड) "खेलाडी " भन्नाले टिम, क्लब, संघ, संस्था तथा विभिन्न विधाका स्थानीय ,राष्ट्रिय,अर्न्तराष्ट्रिय खेलमा खेल्ने खेलाडीलाई सम्झनुपर्छ ।

(ढ)"प्रशिक्षक " भन्नाले बर्दिबास नगरपालिकाद्धारा सञ्चालित खेलकुद प्रशिक्षणमा सहभागी प्रशिक्षण, टिम,क्लब,संघ,संस्थामा खेल प्रशिक्षण समितिमा आवद्ध विषयगत खेलकुद प्रशिक्षक सम्झनुपर्छ ।

(ण)"निर्णायक" भन्नाले बर्दिबास नगरपालिकाद्धारा सञ्चालित खेलकुद प्रतियोगितामा सहभागी भई टिम,क्लब, संघ,संस्थामा खेल निर्णायक समितिमा सम्वद्ध विषयगत खेलकुदको निर्णायक सम्झनुपर्छ ।

(त) "प्रशिक्षार्थी " भन्नाले बर्दिबास नगरपालिकाद्धारा सञ्चालित खेलकुद प्रशिक्षणमा सहभागी खेलाडी खेलाडी टिम,क्लब, संघ संस्थामा सम्वद्ध सिकारु सम्झनुपर्छ ।

(थ) "अफिसियल " भन्नाले बर्दिबास नगरपालिकाद्धारा सञ्चालित खेलकुद प्रेशिक्षक, रेफी, जज, जुरी, निर्णायक, टिम म्यानेजर, ट्रेनरहरुलाई अफिसियल सम्झनुपर्छ ।

(द) "प्रोत्साहन " भन्नाले खेलाडी अफिसियलहरुलाई दिईने उपहार, सम्मान, पुरस्कारलाई सम्झनुपर्छ ।

(ध) "संरक्षक " भन्नाले खेलकुद समितिको संरक्षकको रुपमा रहने नगर प्रमुख सम्झनुपर्छ ।

(न)"संयोजक " भन्नाले नगर खेलकुद विकास समितिको संयोजक सम्झनुपर्छ ।

## परिच्छेद –३

नगर खेलकुद विकास समितिको गठन तथा काम,कर्तव्य र अधिकार

३. नगर खेलकुद विकास समतिको गठन : (१) खेलकुदको विकास गर्नको लागि नगरपालिकामा देहाय बमोजिमको ९ सदस्यीय" खेलकुद विकास समिति "को गठन हुनेछ :

(क) बर्दिबास नगरपालिकाको नगर प्रमुखले तोकेको व्यक्ति –संयोजक

(ख) राष्ट्रिय तथा अर्न्तराष्ट्रिय खेल जगतमा प्रतिभा आर्जन गरेका खेलाडी,पुर्वखेलाडी ,प्रशिक्षक,रेफी मध्ये नगर प्रमुख द्वारा मनोनित कम्तीमा १ जना महिला सहित बढीमा ४ जना सदस्य

(ग) नगर स्तरका खेलकुद सम्बन्धी संस्था वा क्लबहरुबाट सिफारिस भएका व्यक्तिहरु मध्येबाट संयोजकले मनोनित गरेका कम्तीमा १ जना महिला सहित ३ जना सदस्य

(घ) बर्दिवास नगरपालिका शिक्षा शाखाका अधिकृत १ जना सदस्य सचिव

४. समितिले आवश्यक देखेका स्थानीय तह, जिल्ला, प्रदेश, राष्ट्रिय, अर्न्तराष्ट्रिय खेलकुदको क्षेत्रमा ख्याती प्राप्त व्यक्तिहरुलाई विशेषज्ञ वा सल्लाहाकारको रुपमा समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

५. नगर खेलकुद विकास समिति अर्न्तगत नगरपालिका का सबै वडामा खेलकुद समिति गठन गर्न सकिनेछ ।

६. खेलकुद विकास समितिको काम, कर्तव्य र अधिकार : खेलकुद विकास समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) नगर स्तरीय खेलकुद क्यालेण्डर निर्माण, स्वीकृत गर्ने ।

(ख) स्थानीय स्तरका खेलकुदको लागि भौतिक संरचनाको पूर्वाधार, योजना निर्माण, सञ्चालन तथा विकास गर्ने ।

(ग) खेलकुदको स्तर वृद्धि गर्न नगर, जिल्ला,प्रदेश तथा राष्ट्रिय स्तरका विभिन्न खेलकुद प्रतियोगिताहरुको आयोजना तथा सञ्चालन गर्ने, गराउने ।

(घ) शिक्षण संस्थाहरुमा आवश्यकता अनुसार खेलकुद सम्बन्धी पाठ्यकम बनाउन, प्रशिक्षण दिने, प्रतियोगिता सञ्चालन गर्ने तथा खेलकुदको उपयोगिताका सम्बन्धमा प्रचार प्रसार गर्ने, गराउने ।

(ङ) खेलकुद सम्वन्धि प्रतियोगिता ,तालिम वा बैठकमा भागलिन खेलाडी ,समितिका सदस्य तथा कर्मचारीलाई अन्य पालिका जिल्ला , प्रदेश र संघ , अर्न्तराष्ट्रिय महासंघमा प्रतिनिधित्व गर्न, गराउन सक्नेछ ।

(च) स्थानीय स्तरका खेलकुद, क्लव ,संघ संस्था, प्रशिक्षण संस्थाको नियमन गर्ने नगरपालिका संग समन्वय र आवश्यक सहकार्य गर्ने ।

(छ) नगरपालिकालाई खेलकुद विकास सम्वन्धि राय सल्लाह दिने ।

(ज) नगर भित्र लागु पद्धार्थ नियन्त्रण सम्बन्धी रणनिति निर्माण र दुर्व्यसन नियन्त्रण गर्ने ।

(झ) खेलकुद सम्वन्धि क्लब, संस्थालाई आर्थिक सहयोगको लागि नगरपालिका समक्ष सिफारिस गर्ने ।

(ञ) खेलाडीको खेल र प्रवर्द्धन गर्नको पुस्तक, पर्चा, चलचित्र भिडियो निर्माण गर्ने ।

(ट) खेलकुद विकासको लागि प्रत्येक वडामा न्यूनतम एक खेलकुद मैदानको निर्माण संरक्षण तथा रेखदेख गर्ने ।

(ठ) खेलाडीको स्तर वृद्धि गर्न स्वदेशी तथा विदेशी प्रशिक्षकहरुबाट प्रशिक्षण दिलाउने



धर्मानन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत

(ड) नगर भित्रका खेलाडीहरुलाई आर्थिक सहायता तथा छात्रवृत्ति प्रदान गर्नको लागि नगरपालिका समक्ष सिफारिस गर्ने ।

(ढ) विभिन्न कारणवश शारीरिक तथा मानसिक रुपमा विकलाङ्ग हुन पुगेका व्यक्तिहरुको खेलकुदको विकास गर्न तालिम तथा प्रतियोगिता सञ्चालन गर्ने ।

(प) अफिसियलहरुको भत्ता देहाय बमोजिम हुनेछ ।

१. प्रशिक्षक-रु. ३००००/-

२. टिम मेनेजर रु.- १८०००/-

३. ग्रेड ए प्लस खेलाडी रु. १५०००/-

४. ग्रेड ए खेलाडी रु. १००००/-

५. ग्रेड बि खेलाडी रु. ७०००/-

(फ) नगर क्षेत्र भित्र रहेका अन्तराष्ट्रिय र राष्ट्रिय खेलाडी, अफिसियल पूर्वखेलाडी हरुलाई सम्मान नगद पुरस्कार दिन सकिनेछ ।

(ब) नगर क्षेत्र भित्रका कुनैपनि राष्ट्रिय, अन्तराष्ट्रिय विधाका पदकधारी खेलाडीलाई सम्मान/नगद पुरस्कार दिन सकिनेछ ।

(भ) कुनै पनी खेल विधामा प्रसिक्षकले प्रसिक्षण दिए वापत सेवा सुविधा नगर खेलकुद विकास समितिले तोके बमोजिम हुनेछ ।

(म) स्थानीय खेल, लोपहुने अवस्थामा रहेका खेलहरुको संरक्षण तथा व्यवस्थापन गरिने छ ।

७. सदस्य सचिवको काम,कर्तव्य र अधिकार :

(क) बैठकको पत्राचार गर्ने अभिलेख राख्ने, निर्णय पुस्तिकाको सुरक्षा गर्ने र संयोजकको आदेशनुसार बैठकको लागि आवश्यक विषय सुची र सामाग्री जुटाउने ।

(ख) समितिको सचिवालयको व्यवस्थापन कार्य गर्ने ।

८. समितिको सदस्यहरुको पदावधि :

(१) मनोनित सदस्यहरुको पदावधि ३ बर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरुको पुन : मनोनयन हुन सक्नेछ ।

(२) पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी पदावधिको लागि दफा ४ को प्रक्रिया बमोजिम पदपूर्ति गरिनेछ ।

(३) सदस्यले राजीनामा गरी स्वीकृती भएमा निज आफ्नो पदबाट मुक्त भएको मानिनेछ ।

(४) कुनै सदस्यले आफ्नो कर्तव्य पालन गरेको छैन भन्ने लागेमा समितिको सिफारिसमा कार्यपालिकाको निर्णयले जुनसुकै बखत हटाउने सक्नेछ । त्यस्तो कारबाही गर्दा सम्वन्धित सदस्यलाई सफाई दिने मौकाबाट बञ्चित गरिने छैन ।

९. सदस्यको अयोग्यता :– देहायको कुनै व्यक्ति सदस्यमा मनोनित हुन वा बहाल रहन सक्ने छैन :–

(क) गैर नेपाली नागरिक ।

(ख) समितिमा कार्यरत वैतनिक कर्मचारी।

(ग) आर्थिक अपचलनको अभियोग लागेको ।

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरीएको ।

(ङ) मगज बिग्रेको ।

(च) पदेन सदस्य बाहेक अन्य २१ बर्ष उमेर पूरा नभएको ।

१०. सदस्यता समाप्त हुने अवस्था : देहायको अवस्थामा सदस्यता समाप्त भएको मानिनेछ :–

(क) दफा ९ बमोजिम सदस्यतामा बहाल रहन अयोग्य भएमा ।

(ख) सदस्यले राजीनामा दिएमा ।

(ग) मृत्यु भएमा ।

(घ) समितिलाई कारण सहितको सूचना नदिई लगातार ३ पटक भन्दा बढी परिषद्को बैठकमा अनुपस्थित भएमा ।

## परिच्छेद –४
## समितिको बैठकक

११. समितिको बैठक र निर्णय :



धर्मानन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत

(१) संयोजकबाट निर्देशन भए अनुसार सदस्य–सचिवले मिति समय र स्थान तोकी समितिको बैठक बोलाउनेछ ।

(२) समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ ।

(३) समितिको कूल सदस्य संख्याको ५१ प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठक प्रत्येक २/२ महिनामा अनिवार्य गरि वर्षमा कम्तीमा ६ पटक बस्नेछ । समितिको आवश्यकता अनसुार बैठक बस्न सक्नेछ ।

(५) जम्मा सदस्य संख्याको एक तिहाई सदस्यहरुले मानसिव माफिकको कारण देखाई बैठक बोलाउन संयोजक समक्ष लिखित अनुरोध गरेमा संयोजकल १५ दिनभित्र बैठक बोलाउनु पर्नेछ ।

(६) बैठकको बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णयक मत दिन पाउने छ ।

(७) बैठकको निर्णय पुस्तिका सदस्य –सचिवको जिम्मा रहनेछ ।

## परिच्छेद –५
## टिम, क्लब, संघसंस्थाहरुको दर्ता व्यवस्थापन

१२. खेलकुद सम्वन्धि संस्थाको दर्ता :

(१) खेलकुद सम्बन्धि गतिविधि सञ्चालन गर्न प्रचलित कानुन बमोजिम दर्ता भएको संस्थाले यस समितिमा समेत दफा १३ बमोजिम दर्ता गर्ने/हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिमा दर्ता नभएको खेलकुद सम्बन्धि टिम, क्लब, संघ संस्थाले बर्दिवास नगरपालिका भित्र खेलकुद सम्बन्धि गतिविधि सञ्चालन गर्न नगर खेलकुद विकास समिति संग सहकार्य र समन्वय गर्नु पर्ने छ ।

१३. संस्था दर्ताको लागि दरखास्त दिनुपर्ने :

(१) समितिको लागतमा संस्था दर्ता गराउन चाहने खेलकुद सम्बन्धि संस्थाले समितिमा दर्ताको अनुसुची १ बमोजिमको ढाचाँमा दरखास्त दिनुपर्नेछ ।

(क) संस्थाको नाम र ठेगाना

(ख) सञ्चालन गरिने खेलकुदको किसिम/विधा

(ग) कार्यकारिणी समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा

(२) उपदफा (१) बमोजिम दरखास्त दिदा खेलकुद सम्बन्धि संस्थाले संस्था दर्ता प्रमाण पत्र र विधानको प्रतिलिपि समेत दरखास्त साथ संलग्न गरेको हुनु पर्नेछ

१४. खेलकुद सम्वन्धि संस्थाको नाम दर्ता गर्न सक्ने :

(१) दफा १३ बमोजिम नाम दर्ता गराउनको लागि दरखास्त प्राप्त भएको मितिले ३५ दिन भित्र समितिले आवश्यक जाँच बुझ गरी त्यस्तो खेलकुद सम्बन्धि संस्थालाई आवद्धता गराई अनुसुची –२ बमोजिमको प्रमाण पत्र दिन पर्नेछ । सोही प्रमाण पत्रमा हरेक बर्ष नविकरण भएको विवरण उल्लेख गरी सम्वन्धि कर्मचारीले सही गरी नविकरण गर्नु पर्नेछ ।

(२) यो कार्यविधि जारी हुन पुर्व गठन भएको संस्था सूचीकृत हुन चाहेमा अनुसुची –३ को ढाँचामा लिखित निवेदन दिन पर्नेछ ।

(३) सूचीकृत भएका संस्थाहरुलाई अनुसुची –४ बमोजिम प्रमाण पत्र दिईनेछ । सोही प्रमाण पत्रमा हरेक बर्ष नविकरण गर्नु पर्नेछ ।

(४) दर्ता वा अनुसुची भएका संस्थाको नविकरण गर्न दिईने निवेदन अनुसुची –५ बमोजिमको ढाचाँमा हुनु पर्नेछ ।

(५) दर्ता वा सूचीकृत गर्दा आवेदन फारम शुल्क बाहेक अन्य दस्तुर लाग्ने छैन ।

(६) प्रत्येक वर्षको आषाढ मसान्तभित्र सबै दर्तावाला वा सूचीकृत संस्थाहरुले अनिवार्य नविकरण गराउनु पर्नेछ ।

(७) कुनै पनी संस्थाले आर्थिक कारोबार समेत गर्ने भएमा स्थायी लेख नं. (PAN) लिएको हुनु पर्नेछ ।

(८) दर्ता र नविकरण गर्नु भन्दा पहिले समितिले तोकेको प्रतिनिधिद्धारा सम्बन्धित ठाउँको निरिक्षण गर्नु पर्नेछ ।



धर्मानन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

(९) उपदफा (१) बमोजिम लागतमा नाम दर्ता गर्न नसकिने ठहरिएमा दर्ता गर्न नसकिने व्यहोराको सूचना समितिले त्यस्तो खेलकुद सम्बन्धि संस्थालाई दिनुपर्नेछ ।

(१०) दर्ता भएको टिम, क्लब, संघ संस्थाले जुनसुकै खेलकुद प्रतियोगिता गर्नु भन्दा अगाडी नगर खेलकुद समितिलाई जानकारी गराई सहकार्य र समन्वय गर्नु पर्नेछ ।

(११) नगर खेलकुद समितिमा दर्ता भएका टिम, क्लब, संघ संस्थाहरुले नगर खेलकुद समितिको उद्देश्य अनुसार खेलकुद प्रतियोगिता सञ्चालन गर्न सहयोग माग गरेको खण्डमा आयोजक समितिलाई नगर खेलकुद विकास समितिको सिफासिसमा नगरपालिकाबाट आवश्यक रकम उपलब्ध गराउन सक्नेछ ।

(१५) हेरफेरको सुचना गर्नुपर्ने : (१) यस समिती संग आवद्ध भएको खेलकुद सम्बन्धि संस्थाले दफा १३ बमोजिम नाम दर्ताको लागि दिएको दरखास्तामा उल्लेख भएको व्यहोरा वा दरखास्त साथ संलग्न विधानको व्यहोरामा कुनै हेरफेर भएमा त्यसरी हेरफेर गर्नु परेको कारण सदितको सुचना १५दिन भित्र समितीलाई दिनु पर्ने छ ।

(२) उपदफा (१) बमोजिम हेरफेरको सुचना प्राप्त भएपछि त्यस्तो हेरफेर गर्नुपर्ने कारण मनासिव देखेमा समितीले त्यस्तो हेरफेरको व्योहोरा अधावधिक गरि राख्नु पर्ने छ ।

(१६) खेलकुद सम्बन्धि संस्थाले हिसावको श्रेस्ता राख्नु पर्ने : (१) खेलकुद सम्वन्धि संस्थाले आफ्नो आम्दानी खर्चको हिसाव श्रेस्ता समितीले तोकी दिएको ढाचाँमा राख्नु पर्ने छ ।

(२) उपदफा (१) बमोजिम खेलकुद सम्बन्धि संस्थाले राखेको श्रेस्ताको जाचबुझ खेलकुद समितीले जुनसुकै बेला पनि गर्न सक्ने छ ।

(३) खेलकुद समितीले उपदफा (२) बमोजिम खेलकुद सम्वन्धि संस्थाका श्रेस्ताको जाँचबुझ गर्दा/गराउँदा आम्दानी खर्चको हिसाब किताब अनियमित भएको वा रकम हिनामिना भएको देखिएमा त्यसरी अनियमित भएको हिसाबकिताब नियमित गर्न लगाउन र हिनामिना भएको रकम सम्वन्धित व्यक्ति बाट असुल उपर गर्न गराउन आवश्यक कारवाही चलाउनु पर्ने छ ।

(१७) समितीले निर्देशन दिन र लगत बाट नाम कट्टा गर्न सक्ने : (१) समितीले खेलकुद सम्वन्धि संस्थालाई खेलकुदको विकासको सम्वन्धमा समयसमयमा आवश्यक निर्देशन दिन सक्ने छ । र त्यस्तो निर्देशनको पालना गर्नु सम्वन्धित खेलकुद सम्बन्धि संस्थाको कर्तव्य हुनेछ ।

१. उपदफा (२) बमोजिम समितीले आफ्नो लगतबाट कुनै खेलकुद सम्वन्धि संस्थाको नाम कट्टा गरेमा त्यसको सुचना सम्बन्धित खेलकुद सम्वन्धी संस्थालाई दिनु पर्ने छ ।

(१८) समितीको स्वीकृत लिनुपर्ने : खेलकुद सम्बन्धी संस्थाले नगर भन्दा बाहिर वा राष्ट्रिय वा अन्तराष्ट्रिय प्रतियोगिता, खेलकुद सभा वा सम्मेलनमा भाग लिन कुनै सदस्य वा खेलाडीलाई पठाउन बर्दिवास नगरपालिकाको स्वीकृती लिनु पर्नेछ ।

(१९) सदस्यहरुको भत्ता : (१) सदस्यहरुले समितिको बैठकमा भाग लिए बापत तोकिए बमोजिम बैठक भत्ता पाउने छन ।

(२०) सदस्यले समितिको काम विशेषले भ्रमण गर्नु परेमा तोकिए बमोजिमको भ्रमण तथा दैनिक भत्ता र बैठक भत्ता पाउने छन ।

(२१) कार्यक्रम तथा बजेट : खेलकुद विकास प्रवर्द्धनको लागि बर्दिवास नगरपालिकाले आवश्यक बजेट वार्षिक योजनामा समावेश गर्नेछ ।

धर्मानन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद –६
## आचार संहिता

२२. आचार संहिता : (१) खेल सम्वन्धि विषयका खेलाडी, समिति संयोजक तथा सदस्य, प्रशिक्षक, निर्णयक, कर्मचारीले देहाय बमोजिमको आचार संहिता पालना गर्नु पर्नेछ ।

(क) खेलका निर्णायक खेलाडी, दर्शक ,आयोजक कसैले पनि खेल सञ्चालनको समयमा लागु औषध र मादक पदार्थ सेवन गर्न पाइने छैन ।

(ख) प्रतिस्पधी टिमले विदेशी नागरिक मात्र समावेश गरेर स्वदेशी टिम बनाउन पाइने छैन । विदेशी खेलाडी लाई आमन्त्रण गर्न स्वीकृति लिनु पर्ने छ।

(ग) प्रतिस्पर्धात्मक खेल सञ्चालन गर्दा दर्ता वाला टिमलाई मात्र मान्यता दिइनेछ ।

(घ) नैतिक पतन देखिने फौजदारी अपराधमा दोषी ठहरिएको खेलाडीलाई खेलको टिममा सामावेश गरिने छैन ।

(ङ) बिजय टिम/खेलाडीले पाउने शिल्ड, ट्रफी, कही कतै बेच्न, धरौटी राख्न पाइने छैन । तर कुनै दर्तावाला क्लब विघटन हुन गई उक्त क्लबले प्राप्त गरेको शील्ड, ट्रफी नगरपालिकाको स्वीकृतीमा अर्को दर्तावाला क्लबलाई उपहार दिन भने बाधा पर्ने छैन ।

(च) कुनै खेलमा व्यक्तिलाई दिएको उपहार बाहेक टिमले पाएको उपहार व्यक्तिको अधिनमा राख्न पाइने छैन तर संरक्षण गर्न बाधा पर्ने छैन ।

(छ) कुनै प्रतियोगितामा निर्णायक राख्दा तालिम प्राप्त अधिकारिक व्यक्ति बाहेक अरुलाई राख्न पाइने छैन ।

(ज) खेलाडीहरुले आपसमा प्रतिस्पर्धा गर्दा आफ्नो टिमको पक्ष लिई क्ल्यापिङ्ग, हुटिङ्ग, अनुहार मेकअप र चित्र प्रदर्शन गर्न पाइने छैन । विपक्षी टिम/व्यक्तिहरुलाई इगित गरी कार्टुन, चित्रकारिता, हुटिङ्ग व्यक्तिगत वा संस्थागत नामबाट अश्लिल वा अभद्र व्यवहार गर्न पाइने छैन ।

(झ) खेलको विकास गरी प्रचार प्रसार र प्रतिस्पर्धात्मक क्षमता विकास गर्न नगरपालिकाको स्वीकृती र इजाजत बिना आफ्नो टिमको नाममा चन्दा उठाउन पाइने छैन ।

(ञ) नगरपालिकाको स्वीकृती वा इजाजत लिई उठाईएका चन्दा संस्थाको आम्दानी खातामा आय जनाई सम्वन्धित क्लबबाट पारित गराएर मात्र खर्च गर्न पाइनेछ ।

(ट) यो कार्यविधि लागु हुनु पुर्व अन्यत्र दर्ता भएका वा नगरपालिकामा सूचिकृत भएका संस्थाहरुले नगरपालिकामा लिखित जानकारी दिई खेल सञ्चालन गर्न पाउने छन् ।

(२३) सौजन्यता : दर्तावाला संस्थाहरुले अन्य संघसंस्थाहरुको सौजन्यमा कुनै खेल सञ्चालन गर्न नगरपालिकाको पूर्व स्वीकृती लिनुपर्नेछ । संस्थाको सौजन्यतावाट प्राप्त नगदी जिन्सी वा अन्य सहयोगलाई सार्वजनिक गरी खेल सञ्चालन गर्नुका साथै विवरण दुरुस्त राख्नु पर्नेछ ।

## परिच्छेद –७
## सजाय

(२४) जरिवाना : (१) दर्ता भएका खेलकुद सम्वन्धी संस्थाहरुले नवीकरण नगराएसम्म देहाय बमोजिम जरिवाना गरिनेछ ।

(क) १ वर्ष सम्म पनि नविकरण नगरेमा रु ५००/–

(ख) २ वर्ष सम्म पनि नविकरण नगरेमा रु १०००/–

(ग) ३ वर्ष सम्म पनि नविकरण नगरेमा रु १५००/–

(घ) ५ वर्ष सम्म पनि नविकरण नगरेमा रु २५००/–

(२) ५ वर्ष भन्दा बढी समयसम्म पनि नविकरण नगर्ने संस्थालाई दर्ताको सुचीबाट हटाइनेछ ।

(३) समयमै नविकरण नगर्ने संस्थाको आफ्नो कोषवाट जरिवाना बुझाउनु पर्नेछ ।

(२५) संस्थाको विघटन : (१०) दर्ता भएको खेलकुद संस्थाहरु देहायको अवस्थामा विघटन हुन सक्ने छ ।

(क) संस्थाको दुई तिहाई वहुमतले संस्था विघटन गर्ने निर्णय गरेमा

(ख) लगातार ५ बर्ष सम्म संस्था नविकरण नगरेमा

(ग) प्राकृतिक विपतिको कारणबाट संस्था क्षत विक्षत भएमा

(२६) विघटित संस्थाको सम्पति : विघटन भएको संस्थाको सम्पति नगरपालिका मातहतमा रहनेछ ।

(२७) सजाय : (१) समितिको कुनै सदस्य वा कर्मचारीले जानी जानी वा लापरवाही गरी वा बदनियत पुर्ण रुपमा समितिलाई हानी नोक्सानी पुऱ्याएमा रु १०,०००/–(दश हजार ) रुपैयाँ सम्म जरिबाना हुन सक्नेछ ।

(२) आर्थिक सम्पतिमा हानी नोक्सानी पुऱ्याएमा आर्थिक ऐनमा उल्लेख भए अनुसार कारबाही हुनेछ ।

(२८) असल नियतले गरेको काममा बचाउ : यस निर्देशिका बमोजिम खेलकुद सम्वन्धी शैक्षिक संस्था, क्लब, योग केन्द्र , खेल प्रशिक्षण केन्द्र , स्पोर्टस एकेडेमी संस्थाहरुको अगुगमन तथा नियमन गर्दा सदस्यहरु उपर कुनै कारबाही गरिने छैन ।

(२९) यस निर्देकिामा लेखिएको कुराहरु यसै बमोजिम र अन्यमा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।



धर्मसिंह जोशी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

(३०) प्रतिवेदन : समितिको बार्षिक प्रगति प्रतिवेदन तथा अम्दानी खर्चको विवरण संयोजकले नगरपालिकामा पेश गर्नु पर्नेछ ।

धर्मानन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद –८
## विविध

(३१) सम्झौता गर्न सक्ने : समितिले संचालन गर्ने प्रतियोगितामा व्यक्ति निजि कम्पनी, व्यवसायिक संघ संस्था तथा सार्वजनिक निकाय संग सम्झौता गरी विज्ञापन गर्न सक्नेछ ।

(३२) लोगो र मस्कट छनौट गर्ने : प्रतियोगिताको स्वरुप हेरी समितिले प्रतिक चिन्ह (लोगो) र मस्कट छनौट गर्नेछ ।

(३३) प्रतियोगिता सहभागी हुन पाउने : खेलाडीहरुले अनुसूची –६ बमोजिमको खेलाडी दर्ता फाराम भरी आयोजना गर्ने निकायमा बुझाएपछि मात्र प्रतियोगितामा सहभागी हुन पाउने छ ।

(३४) शपथ ग्रहण : प्रतियोगिता सञ्चालन गर्दा खेलाडी तथा निर्णायकहरुको शपथ ग्रहण अनुसुची –७ बमोजिम हुनेछ ।

(३५) प्रतियोगिता स्थगितको अवस्था : मौसमको गडबडी वा कुनै आकस्मिक घटनाका कारणबाट कुनै प्रतियोगिता वा खेल, स्थगित भएमा सो प्रतियोगिता नगर खेलकुद विकास समिति तथा सम्बन्धित खेल संघ संस्थासंग सल्लाह गरी आयोजक समितिले निर्धारण गरेको स्थान, समय र मितिमा गरिनेछ ।

(३६) दावी विरोध गर्न सक्ने : खेल अवधिमा कुनै टिमका व्यक्ति तथा टिम सहभागी भएको खेलाडी उपर कुनै विवाद उत्पन्न भएमा सम्बन्धित सरोकार वाला टिमको तर्फबाट रु १०००/–शुल्क सहित आयोजक समक्ष दावी विरोध पेश गर्न सकिनेछ । दावी विरोध परेमा सम्बन्धित खेलको प्रविधिक समितिले नियमानुसार छानविन गरी निर्णय दिनपर्नेछ र सो निर्णय अन्तिम हुनेछ ।

(३७) बाधा अडकाउ फुकाउने अधिकार : यस निर्देशिकाको कार्यान्वयनमा कुनै वाधा अडकाउ फुकाउने वा व्याख्या गर्ने अधिकार बर्दिवास नगरपालिकालाई हुनेछ ।

(३८) संशोधन : यस निर्देशिकामा आवश्यकता अनुसार नगरपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

धर्मानन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत

## अनुसुची –१
(दफा १३ को उप दफा १ संग सम्बन्धित)

धर्मानन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
बर्दिवास नगरपालिका
नगर कार्य पालिकाको कार्यालय, बर्दिवास

विषय : संस्था दर्ता सम्बन्धमा ।

म /हामीले तपसिलमा लेखिएको विवरण अनुसारको खेलकुद सम्बन्धी संस्था दर्ता गर्ने मनासयले इच्छुक व्यक्तिहरुको भेलाबाट गठित तदर्थ समितिले संस्थाको विधान समेत तयार गरी सकेकोले एक प्रति विधान यसै निवेदन साथ संलग्न राखि विधान स्वीकृती र संस्था दर्ताका लागि आवेदन गरेको छु /छौं नियमानुसार संस्था दर्ता गरिपदनु हुन अनुरोध गरिन्छ ।

संस्थाको कार्यालय रहने स्थान : ..........................
बर्दिवास नगरपालिका वडा नं. .... टोलको नाम : ..........................................

अध्यक्ष :
नाम :
मिति :

सचिव:
नाम :
मिति :

निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु
(क) संस्थाको विधानको मस्यौदा
(ख) आवेदक र समितिका पदाधिकारीहरुको नेपाली नागरिकताको प्रतिलिपी
(ग) संस्थाको छापको नमुना

धर्मानन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

अनुसुची –२
(दफा –१४ को उपदफा –१ संग सम्बन्धित )

धर्मानन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत

बर्दिवास नगरपालिका कार्यालय
नगर पालिकाको कार्यालय
बर्दिवास ,महोत्तरी

मिति : ........................

## संस्था दर्ता प्रमाण पत्र

संस्थाको नाम .................................. ठेगाना : ..........................................
दर्ता हुंदाका बखत रहनु भएका समितिको पदाधिकारी र सदस्य संख्या :
दर्ता हुंदाका बखत र रहनु भएको अध्यक्षयको नाम :
माथि उल्लेखित विवरण भएको संस्थाको विधान स्वीकृती गरी संख्या दर्ताको प्रमाण पत्र प्रदान गरिएको छ । बर्दिवास नगर खेलकुद विकास समिति कार्यविधि र विधानको अधिनमा रही खेलकुद सम्बन्धी गतिविधहरु संचालन गर्न अनुमति दिइएको छ ।

प्रमुख प्रशासकीय अधिकृत
बर्दिवास नगरपालिका

संस्थाको नवीकरणको विवरण

| क्र.सं. | संस्थाको नाम | नविकरण भएको मिति | नविकरण दस्तुर | नविकरण गर्ने कर्मचारीको सही र न.पा.को छाप |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

धर्मानन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत

अनुसुची -३
(दफा १४ को उपदफा २ संग सम्बन्धित)

धर्मानन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत

श्री संयोजक ज्यू,
नगर खेलकुद विकास समिति
बर्दिवास , महोत्तरी

विषय : संस्था सुचिकृत गरि दिनु हुन ।

हामीले तपसिलको विवरण अनुसारको संस्था गठन गरी सञ्चालन गर्दै छौ । नगर कार्यपालिकाको नियमानुसार संस्था सुचीकृत गर्नु पर्ने भएकोले नियम अनुसार गरि दिन अनुरोध गर्दछौं ।

संलग्न कागजातहरु

(क) दर्ता प्रमाण पत्र

(ख) कर चुक्ता प्रमाण पत्र

(ग) कार्य समितिको निर्णय

.............................................
हस्ताक्षर
सचिव

.............................................
हस्ताक्षर
अध्यक्ष/संयोजक

धर्मानन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

अनुसूची –४

(दफा –१४ को उपदफा ३ संग सम्बन्धित)

धर्मानन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत

## संस्था सुचीकृत प्रमाण पत्र

संस्थाको नाम : ........................................

ठेगाना : ..................................................

दर्ता हुँदाका बखत रहनु भएका समितिको पदाधिकारी सदस्य संख्या :

दर्ता हुँदाका बखत रहनु भएको अध्यक्षको नाम :

माथि उल्लेखित विवरण भएको सुचिकृत गरी प्रमाण पत्र प्रदान गरिएको छ। बर्दिवास नगर खेलकुद विकास समिति कार्यविधि र विधानको अधिनमा रही खेलकुद सम्बन्धी गतिविधिहरु सञ्चलान गर्न अनुमति दिइएको छ।

संयोजक
नगर खेलकुद विकास समिति

संस्थाको नविकरणको विवरण

| क्र.सं. | संस्थाको नाम | नविकरण भएको मिति | नविकरण दस्तुर | नविकरण गर्ने कर्मचारीको सही र न.पा.को छाप |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

धर्मानन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

## अनुसुची –५
(दफा –१४ को उपदफा ४ संग सम्बन्धित )

धर्मानन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत

मितिः.....................................

श्री संयोजक ज्यू,
नगर खेलकुद विकास समिति
बर्दिवास, महोत्तरी

विषय : संस्था नविकरण गरी पाउँ ।

........................ नामक संस्था यस नगरपालिकामा दर्ता सुचिकृत भई खेलकुद सम्वन्धि गतिविधिहरु सञ्चालन नगरि रहेको हुदाँ तपशिल बमोजिम कागजपत्र संलग्न राखी नविकरण गरी पाउँ भनि निवेदन गर्न आएको छु । अतः आर्थिक वर्ष ........................... को संस्था नविकरण गरी पाउँ ।

निवेदक

<u>निवेदन संस्था पेस गर्नु पर्ने कागजपत्रहरु</u>

क. आर्थिक वर्ष ............. को लेखापरिक्षण प्रतिवेदन,
ख. संस्थाको वार्षिक गतिविधि,
ग. भवियोजना र बजेट ।

धर्मानन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत



CS CamScanner

अनुसुची –६

(दफा ३२ सँग सम्बन्धित )

बर्दिवास खेलकुद विकास समिती

.......... जिल्ला/न.पा./............

................ प्रतियोगिता–२० ...........

फोटो

**खेलाडी दर्ता फारम**

खेलाडी दर्ता नं. ............................ दर्ता ............................

मिती ............................

खेलाडी नाम .................................. तह ............................

अध्ययनरत संस्थाको नाम ....................................

खेलको नाम ................................... रोल नं. ..........................

ईभेण्टस सम्पर्क फोन नं.........................

महिला/पुरुष ...............

उचाई .......................

तहगत वर्ष .....................

खेलाडीको हस्ताक्षर ..........................

शिक्षक/प्रशिक्षक नाम :.................................... हस्ताक्षर .....................

अनुसुची –६
(दफा ३३ सँग सम्बन्धित )
**खेलाडी तथा निर्णयकका लागी सपथको व्यहोरा**

धर्मानन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत

**क. खेलाडीको लागी**

म सम्पूर्ण खेलाडीहरुको तर्फबाट यस ................................. खेलका सम्पूर्ण नियमहरुको पालना तथा आदर गर्दै खेलकुदको उच्च आदर्श र मर्यादा कायम राख्दै खेल खेल्ने प्रतिज्ञा गर्दछु ।

**ख. निर्णायकका लागी**

म सम्पूर्ण निर्णायकहरुको तर्फबाट यस ................................. खेलका सम्पूर्ण नियमहरु पालना गर्दै खेलकुदको उच्च आदर्श र मयार्दा अनुरुप खेलहरु निष्पक्ष रुपमा खेलाउने प्रतिज्ञा गर्दछु ।

०८।१।१६
धर्मानन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

मिति २०८१।०१।१६ गते आइतबारका दिन बर्दिबास नगरपालिकाका नगर प्रमुख श्री
द कुमार क्षेत्री ज्युको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकको उपस्थिति ।

स्थिति

| सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| | श्री प्रहलाद कुमार क्षेत्री | प्रमुख | |
| | श्री तारा देवी | उप प्रमुख | |
| | श्री भोला खड्का | वडा अध्यक्ष-१ | |
| | श्री धिरेन्द्र कुमार सिंह | वडा अध्यक्ष-२ | |
| | श्री विराट कुमार विष्ट | वडा अध्यक्ष-३ | |
| | श्री अक्कल बहादुर तमाङ | वडा अध्यक्ष-४ | |
| | श्री काहार मान स्याङ्गवा | वडा अध्यक्ष-५ | |
| | श्री पदम बहादुर आले | वडा अध्यक्ष-६ | |
| | श्री रामस्वगारथ यादव | वडा अध्यक्ष-७ | |
| | श्री समसेर सिंह | वडा अध्यक्ष-८ | |
| | श्री घुरन महतो | वडा अध्यक्ष-९ | |
| | श्री प्रमोद कुमार मोक्तान | वडा अध्यक्ष-१० | |
| | श्री पूर्ण वहादुर बल | वडा अध्यक्ष-११ | |
| | श्री राम किशोर साह | वडा अध्यक्ष-१२ | |
| | श्री लक्ष्मण सिंह | वडा अध्यक्ष-१३ | |
| | श्री विजय कुमार महतो | वडा अध्यक्ष-१४ | |
| | श्री तिर्थ बहादुर अछामी | कार्यपालिका सदस्य | |
| | श्री विन्देश्वर साह | कार्यपालिका सदस्य | |
| | श्री रामचलित्तर पंजियार | कार्यपालिका सदस्य | |
| | श्री लक्ष्मी कोइराला | कार्यपालिका सदस्य | |
| | श्री अन्सीला कुमारी | कार्यपालिका सदस्य | |
| | श्री विना कुमारी पाख्रिन | कार्यपालिका सदस्य | |
| | श्री प्रतिमा कुमारी विश्वकर्मा | कार्यपालिका सदस्य | |
| | श्री ऐश्र्वर्य वोम्जन तमाङ | कार्यपालिका सदस्य | |
| | श्री धर्मानन्द जोशी | प्रमुख प्रशासकीय अधिकृत(सदस्य सचिव) | |

CamScanner

मटिहानी नगरपालिकामा हालै आगलागी भई झन्डै १५० घरहरु जलि व्यक्तिको धनमालको क्षती प्रति दुःख प्रकट गर्दै आगलागी पिडितहरुलाई रु ५ (पाँच) लाख नगद राहत मटिहानी गरपालिकाको विपद व्यवस्थापन समिति मार्फत उपलब्ध गराउने ।

महिला शान्ति र सुरक्षा सम्बन्धि संयुक्त राष्ट्र संघ सुरक्षा परिषद्को प्रस्ताव नं. १३२५ र १८२० को कार्यन्वयन सम्बन्धि दोस्रो कार्ययोजना (२०७९-०८२) को बुँदा नं. १२.५ अनुसार स्थानीय कार्ययोजना कार्यन्वयन समिति देहाय वमोजिम गठन गर्ने ।

क. नगर प्रमुख श्री प्रहलाद कुमार क्षेत्री - संयोजक
ख. नगर उप-प्रमुख श्री तारा देवि महतो - सदस्य
ग. वडाअध्यक्ष वडा नं. ०३ श्री विराट कुमार विष्ट — सदस्य
घ. वडाअध्यक्ष वडा नं. ०४ श्री अक्कल वहादुर तामाङ्ग — सदस्य
ङ. वडाअध्यक्ष वडा नं. ०९ श्री घुरन महतो — सदस्य
च. वडाअध्यक्ष वडा नं. १४ श्री विजय कुमार महतो — सदस्य
छ. कार्यपालिका सदस्य श्री लक्ष्मी कोइराला — सदस्य
ज. महिला विकास निरिक्षक श्री सिता अधिकारी — सदस्य सचिव

आवधिक नगर शिक्षा योजना निर्माण गर्ने ।

गौरीडाँडा स्थित योग भवनमा आवश्यक मर्मत गर्ने।

विधायन समिति द्वारा सिफारिस भई आएको बर्दिवास नगरपालिका नगर खेलकुत विकास समिति संचालन कार्यविधि २०८१ स्वीकृत गर्ने ।

वडा नं. ९ को अनुरोधमा उक्त वडाका देहाय बमोजिमका योजनाहरु संशोधन गरि डिप ट्युवेल ड्रिल बोरिङ गर्ने।

क. शोभित कापरको घर देखी टोकी टोल सम्म सड्क स्तरोन्नती रु ३ (तीन) लाख ।

ख. दुर्गा वजार र पथलैया बजारका सार्वजनिक शौचालय निर्माण रु ७ (सात) लाख ।

ग. पथलैया वजारमा चौतारा निर्माण रु ५ (पाँच) लाख ।

देहाय वमोजिम रकमान्तर गर्ने

| क.सं. | नपुगहुने शिर्षक | नपुग रकम | रकमान्तर हुने शिर्षक | रकमान्तर हुने रकम |
|---|---|---|---|---|
| १ | सेवा र परामर्श खर्च | एक लाख पचास हजार | उपभोक्ता समिति अभिमुखिकरण कार्यक्रम सवै वडामा | एक लाख पचास हजार |
| २. | विविध खर्च | आठ लाख | डकर्मी तालीम सवै वडामा | आठ लाख |

नगरपालिकाको प्रशासकीय भवन परिसरमा कर्मचारी मिलन केन्द्र, बर्दिवासको भवन निर्माण गर्न अनुमती दिने।

नेपाल फुटवल एसोसिएशन (ANFA) को आयोजनामा काठमाडौंमा संचालन भएको Under 13 फुटबल प्रतियोगितामा भाग लिन पठाइएका यस नगरपालिकाका १२ जना खेलाडिहरुको आउँदा जाँदाको यातायात खर्च र होटल वास खर्च भुक्तानी दिने ।

०८१।९।१६
धर्मानन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत